शैक्षिक सुधार सम्वन्धि कार्यविधि
२०७५

Scanned with CamScanner

कटहरी गाउँपालिकाको शैक्षिक सुधार सम्बन्धि कार्यविधि, २०७५

कटहरी गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति: २०७५/१२/२९

प्रस्तावना

नेपालको संविधान२०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको शैक्षिक सुधार सम्वन्धि कार्य संचालनको लागि गाउँपालिकाले शिक्षासुधार समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले कटहरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम कटहरी गाउँ कार्यपालिकाले शैक्षिक सुधार कार्यक्रममा खर्च गर्ने कार्यविधि जारी गरेको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **कटहरी गाउँपालिकाको शैक्षिक सुधार सम्वन्धी कार्यविधि, २०७५** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

(क)**अध्यक्ष**भन्नाले शैक्षिक सुधार समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) **शैक्षिक सुधार**भन्नाले कटहरी गाउँपालिका वा सो अन्तरगतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

(ग) **विद्यालय**भन्नाले कटहरी **गाउँ**पालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुलाइ जनाउछ ।

(घ) **शैक्षिक सुधार समिति** भन्नाले शैक्षिक सुधार कार्यक्रम निर्माण सञ्चालन र व्यवस्थापन गर्ने समितिलाइ सम्झनु पर्दछ ।

(ङ) **कार्यालय** भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ ।

(च) **कार्यपालिका** भन्नाले गाऊँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) **सम्झौता** भन्नाले विद्यालयसञ्चालन व्यवस्थापन गर्नको लागि कार्यालय र विद्यालय बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

३. **कार्यविधिको पालना गर्नुपर्ने**:(१)गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

परिच्छेद-२

शैक्षिक सुधार समितिको गठन र सञ्चालन

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

४. शैक्षिक सुधार समिति गठन सम्बन्धी व्यवस्थाः (१) शैक्षिक सुधार समिति गठन देहाय बमोजिम गर्नु पर्नेछः

(क) गाउँपालिकाको अध्यक्ष	अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष	सदस्य
(ग) गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत	सदस्य
(घ) सामाजिक विकास समितिको अध्यक्ष	सदस्य
(ङ) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख	सदस्य सचिव

५. शैक्षिक सुधार समितिको काम, कर्तब्य र अधिकारःशैक्षिक सुधार समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शैक्षिक सुधार कार्यक्रकमा उल्लेखित सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने गराउने ,

(ख) गाउँपालिका तथा गाउँसभाका सूचना तथा मार्गदर्शनको प्रतिवेदन पेश गर्ने,

(ग) विद्यालयको आवश्यकता र विनियोजित बजेटलाइ आधारमानी

कार्यक्रम तयार गरी कार्यान्वयन गराउने ।

(घ) शिक्षक विद्यार्थि शिक्षक अविभावक सघ र व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गर्ने ।

(ङ) शिक्षाको दिर्घो विकास र व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

(च) बालमैत्री र भय रिहित वातावरणमा शिक्षण सिफारिसका लागि आवश्यक योजना बनाउने योजना कार्यान्वयन गर्ने गराउने अनुगमन मुल्याङ्कन गर्ने ।

(छ) शैक्षिक सुधार कार्यक्रमलाइ प्रभापकारी बनाउन प्र अ हरुलाइ सहभागितामुलक समन्वयमा जोड दीने ।

परिच्छेद – ३

५. खर्च र लेखापरीक्षण:

शैक्षिक सुधार कार्यक्रमको लागि विभिन्न स्रोतवाट प्राप्तभएको रकमखर्चको प्रचलित कानुन वमोजिम आयव्यय विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रमखर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण कोलेनिका महालेखा परिक्षकवाट गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति गाउँकार्यपालिका र गाउँसभा पेशगर्नुपर्नेछ ।

६. प्रतिवेदन पेश गर्नुपर्ने :

शैक्षिक सुधार कार्यक्रम व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा

तयार गरी गाउँशिक्षाशाखाले शैक्षिक सुधार समिति,गाउँकार्यपालिका र गाउँसभा पेश गर्नुपर्नेछ ।

परिच्छेद : ४

७. विविध:

शैक्षिक सुधार कार्यक्रम सञ्चालनगर्दा प्रचलितशिक्षा ऐन, नियमावली र अन्यप्रचलित ऐन कानूनलाई समेत आधार मानि शैक्षिक सुधार कार्यक्रम सञ्चालनगर्नु गराउनु पर्नेछ ।

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner